# देवचुली नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

प्रगतिनगर, नवलपरासी (बर्दघाट-सुस्तापूर्व)
गण्डकी प्रदेश, नेपाल
२०७३

प.सं. - २०७६/०७७
च.नं. -                                                                 मिति : २०७६/१२/१९

**विश्वव्यापी रुपमा फैलिएको नोभेल कोरोना भाईरस (कोभिड १९) नियन्त्रण तथा रोकथामका लागि देवचुली नगरपालिका मार्फत हाल सम्म गरिएका क्रियाकलापहरु :**

१. देवचुली नगरपालिकामा नवलपुर जिल्लामा सबै भन्दा पहिला कर्मचारी र सेवाग्राहीलाई साबुनपानीले हात धोएर मात्र कार्यालय प्रवेश गर्ने व्यवस्थाको शुरुवात ।

२. मिति २०७६/११/१८ गते जनचेतना तथा आवश्यक पूर्व तयारी सम्बन्धमा वडा कार्यालय र स्वास्थ्य संस्थाहरुलाई पत्राचार ।

३. मिति २०७६/११/२७ मा कोरोना भाईरस (कोभिड १९) नियन्त्रण तथा रोकथामका लागि नगर स्तरिय पूर्व तयारी बैठक ।

४. मिति २०७६/१२/१३ मा स्थानीय विपद व्यवस्थापन समितिको बैठक । विदेशबाट आएकालाई Quarantine मा राख्ने व्यवस्था मिलाउने । Quarantine मा राखेका व्यक्तिलाई खाना, बेड लगायत सम्पूर्ण व्यवस्था मिलाउने । खाद्यान्न, तरकारी, फलफूल पसल दिउसो १२ देखि ४ बजे सम्म खोल्ने व्यवस्था गर्ने लगायतको निर्णय ।

५. मिति २०७६/१२/१४ मा देवचुली नगरपालिकाका सबै स्वास्थ्य संस्थाहरुमा PPE set, Surgical Goun, Mask, Sanitizer र Digital Tharmometer वितरण ।

६. खाद्यान्न बैंकको स्थापना । देवचुली उद्योग बाणिज्य संघ, JCYCN र गुरु प्रसाद गौतम स्मृति प्रतिष्ठान मार्फत खाद्यान्न सहयोग साथै सहयोग आउने क्रम जारी ।

७. नगरपालिका मार्फत विपद व्यवस्थापन कोषमा रु. १ करोड विनियोजन ।

८. मिति २०७६/१२/१६ र १७ गते देवचुली नगरपालिकाका एम्बुलेन्स चालकहरुलाई PPE set, Mask, Gloves र Sanitizer वितरण ।

९. मिति २०७६/१२/१७ गते दैनिक ज्याला मजदुरी गरी जीविकोपार्जन गर्ने अति विपन्न घर परिवारलाईृ राहत वितरण गर्ने निर्णय । मासिक पारिश्रमिक नपाउने, घरको भकारीमा धान नभएका र बैंक खातामा ५,०००/- भन्दा कम रकम भएका व्यक्तिहरुलाई राहत प्रदान गर्ने निर्णय ।

१०. सबै वडामा वडा स्तरिय विपद व्यवस्थापन समिति गठन भई क्रियाशिल रहेको ।

११. वडा स्तरिय विपद व्यवस्थावन समिति मार्फत दैनिक ज्याला मजदुरी गरी जीविकोपार्जन गर्ने अति विपन्न घर परिवारको विवरण संकलन ।

१२. नगरपालिकाको कोरोना भाईरस **(KOVID-19)** सम्भावित संक्रमणको विवरण प्रत्येक दिन अद्यावधिक गरिएको ।

१३. देवचुली नगरपालिका वडा नं. १७ को दैनिक ज्याला मजदुरी गरी जीविकोपार्जन गर्ने अति विपन्न २०० घर परिवारलाई प्रति परिवार २५ के. जी. चामल, १ के. जी. आयोनुन र १ के. जी. दाल राहत वितरण कार्य सम्पन्न ।

........................................

(पूर्ण कुमार श्रेष्ठ)

नगर प्रमुख

पूर्ण कुमार श्रेष्ठ
नगर प्रमुख